# विश्वविद्यालय अनुदान आयोग कर्मचारी (पहिलो संशोधन) नियमावली, २०७८

विश्वविद्यालय अनुदान आयोग कर्मचारी नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा १९ ले दिएको अधिकार प्रयोग गरी विश्वविद्यालय अनुदान आयोगले देहायका नियमहरू बनाएको छः-

## परिच्छेद– १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "विश्वविद्यालय अनुदान आयोग कर्मचारी (पहिलो संशोधन) नियमावली २०७८" रहेको छ।

(२) यो नियमावली नेपाल सरकार बाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. विश्वविद्यालय अनुदान आयोग कर्मचारी नियमावली, २०७८ को नियम ११ मा संशोधनः विश्वविद्यालय अनुदान आयोग कर्मचारी नियमावली, २०७८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ११ लाई उपनियम (१) बनाइएको छः-

(१) आयोगको सेवाको पदमा उम्मेदवार हुन उमेरको हद देहाय बमोजिम हुनेछः-

३. मूल नियमावलीको नियम ११ को (ख) मा रहेको "चालिस" भन्ने शब्दको सट्टा "पैंतालिस" भन्ने शब्द राखिएको छ ।

४. मुल नियमावलीको नियम ११ को (घ) पछि देहाय बमोजिमको उपनियम (२) थपिएको छः-

(२) उपनियम (१) मा जुनसुकै लेखिएको भएता पनि आयोगको स्थायी सेवामा बहालवाला कर्मचारीको हकमा खुला प्रतियोगिता तथा बढुवाद्वारा हुने पद पूर्तिको विज्ञापनमा उम्मेदवार हुन उमेरको हद लाग्ने छैन।

राम प्रसाद थपलिया
प्रमाणित

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

विश्वविद्यालय अनुदान आयोग कर्मचारी नियमावली, २०७८

अनुसूची – १

(नियम ३ को उपनियम (२) र नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

आयोगको सेवामा रहने कर्मचारीको समूह, उपसमूह, पदनाम र स्तर/श्रेणी सम्बन्धी व्यवस्था

१. सेवा: प्रशासन

| क्र.सं. | श्रेणी | पद नाम | आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|
| १. | अधिकृतस्तर प्रथम श्रेणी | निर्देशक | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तीर्ण । |

(१) समुह: सामान्य प्रशासन

| क्र.सं. | श्रेणी | पद नाम | आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|
| १. | अधिकृतस्तर द्वितीय श्रेणी | उप–निर्देशक | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तीर्ण गरी नियम १३ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |
| २. | अधिकृतस्तर तृतीय श्रेणी | सहायक निर्देशक | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तीर्ण। |
| ३. | सहायकस्तर प्रथम श्रेणी | बरिष्ठ सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण । |

(२) समुह: लेखा

| क्र.सं. | श्रेणी | पद नाम | आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|
| १. | अधिकृतस्तर द्वितीय श्रेणी | उप–निर्देशक | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, अर्थशास्त्र, गणित, तथ्यांकशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरी नियम १३ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |
| २. | अधिकृतस्तर तृतीय श्रेणी | सहायक निर्देशक | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, अर्थशास्त्र, गणित, तथ्यांकशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण । |
| ३. | सहायकस्तर प्रथम श्रेणी | बरिष्ठ सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, अर्थशास्त्र, गणित, तथ्यांकशास्त्रमा स्नातक तह वा सो सरह उत्तीर्ण । |

२. सेवा:प्राविधिक

(१) समुह: सूचना तथा प्रविधि

| क्र.सं. | श्रेणी | पद नाम | आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|
| १. | अधिकृतस्तर तृतीय श्रेणी | सहायक निर्देशक | मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि विषयमा स्नातकोत्तर तह उत्तीर्ण। |
| २. | सहायकस्तर प्रथम श्रेणी | बरिष्ठ सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि विषयमा स्नातक तह उत्तीर्ण । |

राम प्रसाद थपलिया
सचिव

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल